

# अध्याय -१

## सुसमाचारको सुरू

यस अध्यायका मुल पदहरूः प्रेरित १३:१-५,१३; प्रेरित १५:३६-३९; मर्कूस १:१-१५; यशैया ४०:३ र दानिएल ९:२४-२७।

**यस अध्यायको मुल सार पदः "यूहन्ना पक्राउमा परेपछि परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो। उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ। पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।" मर्कूस १:१४-१५।**

मर्कूसको सुसमाचार कसले लेखे र किन लेखे? सुसमाचारको पुस्तकले यसको लेखकको नाउँ उल्लेख गरेको छैन। येशूका चेला यूहन्ना नै लेखक हो कि भन्ने आभास पाइन्छ। उनी येशूका प्रिय चेला थिए (यूहन्ना २१:२०)। तर सुरुदेखि नै येशूका चेला जस्तै मत्ती, यूहन्ना वा प्रेरितहरूसँग हिंडेकाहरूलाई क्यानोनिकल वा धर्मशास्त्रको लेखहरूलाई अनुमोदन गर्ने समूहले  सुसमाचारका लेखकहरू हुन् भनेर श्रेय दिएका थिए। लूकाको सुसमाचार पावलसँग जोडिएको थियो (कलस्सी ४:१४, २ तिमोथी ४:११, फिलमन १:२४)। मर्कूसको सुसमाचार पत्रुससँग जोडिएको छ (१ पत्रुस ५:१३)। सुसमाचारको पुस्तक आफैमा यसको लेखक मर्कूस भनेर नाउँ नतोकिएतापनि सुरुका चर्चको परम्परा अनुसार मर्कूसको सुसमाचारका लेखक जोन मार्क नै हुन् भनेर ठम्याएका थिए। उनी पावल र वर्णावासको सहयात्री

थिए (प्रेरित १३:२,५) र पछि उनी पत्रुससँग उनको नाउँ गाँसिएको थियो (१ पत्रुस ५:१३)।

***यस अध्यायको प्रथम चरणमा बाइबलमा उल्लेख गरिएको अनुसारको मर्कूसको बारेमा हामी सिक्नेछौं। सुरुमा उनी येशूका असफल विश्वासी थिए तर पछि त्यसबाट उनी पार भएर सफल चेला भएका थिए। अनि मर्कूसको पुस्तकको प्रारम्भमा उनले लेखेका कथा कतातिर लक्षित गरिएको छ भनेर हामी हेर्नेछौं। फेरि पछाडि फर्केर हेर्दै मर्कूस कहाँ चुके र पछि उनी मिसिनेरी काममा पुनर्स्थापित भएपछि सुसमाचार पुस्तक नै लेखेर येशूको महिमा गरेका थिए।***

## १. असफल मिसिनेरी अर्थात् सुसमाचार प्रचारक

**प्रेरितको पुस्तकमा मर्कूसको चिनारी कस्तो थियो? हेर्नुहोस्, "यो कुरा तिनलाई थाहा भएपछि, तिनी मर्कूस भनिने यूहन्नाकी आमा मरियमको घरमा गए। त्यहाँ धेरै जना जम्मा भएर प्रार्थना गरिरहेका थिए।" प्रेरित १२:१२।**

यूहन्ना मर्कूस नै मर्कूसको सुसमाचार लेखक थिए। प्रेरित १२ मा उल्लेखित घट्नाहरूमा मर्कूस युवक थिए भन्ने आभास पाउँछौं। यी घट्नाहरू सन ४०को बिचतिर भएका थिए। उनी मेरी नाउँ गरेकि स्त्रीका छोरा थिए भनेर प्रेरित १२:१२मा उल्लेख गरिएको छ। चर्चलाई सहयोग गर्न येशूभक्त मेरी धनी वा सम्पन्न भएको हुनुपर्दछ। उनले आफ्नो घरमा प्रार्थना सङ्गति राखेकी थिइन्। प्रेरित १२मा उनको नाउँ प्रख्यात भएको देखिन्छ। पत्रुस झ्यालखानाबाट भागेको कथा बढो नाटकीय छ। त्यसपछि भएका घट्नाहरू र हेरोडको मृत्युको विवरण चकित पार्ने गरेर लेखिएको छ। यसमा पत्रुस र राजा हेरोडको बिचमा देखिएको विपरित चरित्र हाँसोलाग्दो पनि छ। यस कथामा यूहन्ना मर्कूस आफैले कुनै भूमिका खेलेको देखिन्दैन। तर यसमा यस विवरणमा आफ्नो नाउँ भनेर परिचय दिएको त छ। पछि गएर उनी बर्णावास र सावल अर्थात् पावलसँग गाँसिन तयार पारिएको भनेर हामी बुझ्न सक्छौं।

**देहायका पदहरूमा यूहन्ना मर्कूस, सावल र बर्णावाससँग कसरी गाँसिन पुगे र त्यसको परिणाम के भएको थियो? हेर्नुहोस्, "१ एन्टिओखियाको मण्डलीमा अगमवक्ताहरू र शिक्षकहरू, अर्थात् बारनाबास, काला भनिने शिमियोन, कुरेनीका लुकियस, प्रान्तीय शासक हेरोदसँग हुर्केका मनेन र शाऊल थिए। २ तिनीहरूले प्रभुको आराधना गरिरहेका र उपवास बसिरहेका बेला पवित्र आत्माले भन्नुभयो, "मेरो निम्ति बारनाबास र शाऊललाई त्यस कामको लागि अलग्ग गर,**

**जुन कामको निम्ति मैले तिनीहरूलाई बोलाएको छु।" ३ तब उपवास र प्रार्थना गरेर तिनीहरूले उनीहरूमाथि आफ्ना हात राखेर उनीहरूलाई बिदा दिए। ४ तब पवित्र आत्माद्वारा पठाइएका हुनाले तिनीहरू सिलुकियामा गए र त्यहाँबाट जहाजमा चढ़ी साइप्रसतिर गए। ५ सलामिसमा आइपुगेपछि तिनीहरूले यहूदीहरूका सभाघरहरूमा परमेश्वरको सुसमाचार प्रचार गरे। तिनीहरूलाई सहायता गर्न यूहन्ना तिनीहरूसँग थिए।...१३ पावल र तिनका साथीहरू पाफोसबाट जहाज चढ़ी पामफिलियाको पर्गामा पुगे, र यूहन्नाचाहिँ तिनीहरूबाट छुट्टिएर यरूशलेम फर्के।" प्रेरित १३:१-५,१३।**

सन् ४६ तिर पावल र वर्नावासको पहिलो सुसमाचारीय यात्राको बारेमा वर्णन गरिएको छ। पद ५मा मात्रै यूहन्ना मर्कूस उल्लेख गरिएको छ। उनको भूमिका केवल उनी सहयोगी वा सेवक मात्र थिए। अनि पद १३मा यस युवकको नाउँ फेरि उल्लेख गरिएको छ। यहाँ उनी यरुशलेमामा फर्के भनेर छोटो जानकारी दिएको छ।

पावल र वर्नावाससँग उनी किन छुट्टिए भनेर यसमा जानकारी दिएको छैन। सुसमाचारी यात्रालाई छोडेर किन मर्कूस फर्के भन्ने अनुमानमा तिनीहरूसँग कचकच वा कुनै नकारात्मक भावनाहरूको कारणले हो कि भन्ने कुरा उल्लेख गरेको छैन। तर मानिसहरूले अनेकौं अडकल लगाउन सक्छन्। तर उनी युवक भएकोले सुसमाचारीय यात्रमा आउने दुःखकष्ट चुनौति प्रति उनी  संवेदनशील थिए भनेर अनुमानचाहिँ गर्न सकिन्छ। यस मामिलामा एलेन जी. ह्वाइटले यसरी व्यक्त गर्दछिन्, "मर्कूस डर र निराशले आँत्तिएका थिए। प्रभुको काममा पूरा समर्पित हुन उनी हिचकिचाएका थिए। उनी कठिन परिस्थिति प्रति परिचित नभएकोले सुसमाचारीय यात्रामा आउने खतरा र जोखिममा पर्नु पर्ने देखेर यात्रामा जान पछि हटेका थिए।"-*द आक्टु अभ आपोस्टल्स,* पृ. १६९। सरल रूपमा भन्नुपर्दा उनको निम्ति स्थिति धेरै कठिन भएको थियो र त्यसबाट उनी उम्कन चाहेका थिए।

***येशूभक्तको  जीवनमा कुनै आत्मिक वा अरू कुनै प्रतिकूल परिस्थितिको सामना गर्नुपर्दा पछि नहट्ने को होला? त्यसबाट तपाईंले के सिक्नुभयो?***

## २. दोस्रो अवसर

**अर्को सुसमाचारीय यात्रामा पावलले यूहन्ना मर्कूसलाई किन साथमा लैजान अस्वीकार गरे र बर्नावासले उनलाई दोस्रो अवसर किन दिए? हेर्नुहोस्,"३६ केही दिनपछि पावलले बारनाबासलाई भने, "आऊ, जुन-जुन सहरमा प्रभुको वचन हामीले प्रचार गरेका थियौं ती सहरहरूमा फर्केर गई भाइहरूलाई भेट गरौं र तिनीहरू के-कस्ता छन् हेरौं।" ३७ बारनाबासले मर्कूस भनिने यूहन्नालाई तिनीहरूका साथमा लैजाने इच्छा गरे। ३८ तर पावलले मर्कूसलाई साथमा लैजान ठीक ठानेनन्, किनभने तिनी पामफिलियाबाट तिनीहरूसँग छुट्टिएर गएका थिए, र तिनीहरूका साथ काममा गएका थिएनन्। ३९ तिनीहरूका बिचमा यति ठूलो मतभेद भयो, कि तिनीहरू एक-अर्काबाट छुट्टिए, र बारनाबास मर्कूसलाई साथमा लिएर साइप्रसतिर गए। ४० तर पावलले सिलासलाई चुने, अनि भाइहरूबाट परमेश्वरको अनुग्रहमा अर्पण भई बिदा भए। ४१ मण्डलीहरूलाई बलिया गराउँदै तिनी सिरिया र किलिकियाको भ्रमण गरे।"प्रेरित १५:३६-४१।**

पावलले युवक मर्कूसलाई साथमा लैजान किन अस्वीकार गरे भन्दा त्यसको कारण प्रेरित १५:३८मा दिएको छ। मर्कूस तिनीहरूबाट अलगिएका थिए र उनले सुसमाचार प्रचारमा निरन्तरता दिएका थिएनन्। यसमा पावलको मनस्थिति हामी बुझ्न सक्छौं। पावल जाँगरिलो र सुसमाचार प्रचारमा जोशिला थिए। तर मर्कूसमा समर्पित जीवनको लक्षण थिएन। त्यसकारण, पावलले उनलाई सुसमाचार यात्रामा लान ठाडै अस्वीकार गरेका थिए। मिसिनेरी वा सुसमाचार प्रचारको जीवन पौराणिक कालमा कठिन थियो। प्रचारकहरूलाई जतातते बोलाइन्थ्यो र अत्यन्तै खट्नुपर्थ्यो (२ कोरन्थी:२३-२८)। यस्तो चुनौतीपूर्ण थियो र प्रतिकूल परिस्थितीलाई सामना गर्दै अघि बढ्न बाध्य भएको सन्दर्भमा पावलले सहसुसमाचार प्रचारकहरूमाथि भर परेका थिए। दुष्टहरूको शक्तिसँग कतिपय समयमा हातेहात नै लड्नुपर्दा सुसमाचारीय दलसँग मिलेर काम गर्ने मर्कूससँग खुबी थिएन किनभने उनले त्यस काममा लाग्नुको सट्टा छिट्टै आफ्नो हात झिकेका थिए।

मर्कूसको  मामिलामा पावल र वर्नावासको बिचमा मतभेद भयो। मर्कूस जेहन्दार र उनमा भएको खुबी बर्नावासले देखेका थिए। मर्कूसलाई वर्णावासले छोड्न चाहेका थिएन। तिनीहरूको बिचमा मर्कूसको निम्ति ठुलो कचकच भयो। तिनीहरूमा मतभेद हुँदा पावलले सिलासलाई साथमा लगे र बर्णावासले मर्कूसलाई साथमा लगे।

वास्तविक रूपमा बर्नावासले मर्कूसलाई किन रोजे भनेर प्रेरितको पुस्तकले खुलाएको छैन। पावल र वर्णावास सँगै उल्लेख गरिएको यही अंशमा मात्र छ। त्यसपछि पावल र वर्नावासको बिचमा भेटघाट भयो भन्ने जानकारी प्रेरितमा दिएको छैन। तर, यो रोचक छ कि नयाँ करारमा मर्कूसको नाउँ अन्तिम पटक यहाँ दिएको थिएन।

**मर्कूस सुसमाचारीय काममा सुधारिएका थिए र पावलको स्नेह उनमाथि फेरि कसरी पऱ्यो भनेर देहायका पदहरूले कसरी खुलाएका छन्? हेर्नुहोस्, "मेरा सङ्गी-कैदी, अरिस्तार्खसले तिमीहरूलाई अभिवादन पठाएका छन्। बारनाबासको भानिज मर्कूसको पनि अभिवादन। तिनको विषयमा तिमीहरूले आदेश पाइसकेका छौ– तिनी तिमीहरूकहाँ आए भने तिनलाई स्वागत गर।" कलस्सी ४:१०; "लूका मात्र मसँग छन्। मर्कूसलाई खोजेर तिमी साथै ल्याऊ, किनकि तिनी मेरा सेवा गर्नमा खूबै उपयोगी छन्।"२ तिमोथी ४:११; "२३ येशू ख्रीष्टमा मेरो सङ्गी-कैदी इपाफ्रासले तिमीलाई अभिवादन पठाएका छन्। २४ त्यसै गरी सहकर्मी मर्कूस, अरिस्तार्खस, डेमास र लूकाले पनि। २५ प्रभु येशू ख्रीष्टको अनुग्रह तिमीहरूको आत्मासँग रहोस्" फिलमोन २३-२५ र "१३ बेबिलोनमा भएकी तिमीहरूजस्तै चुनिएकीले, र मेरो छोरो मर्कूसले पनि तिमीहरूलाई अभिवादन पठाएका छन्। १४ एउटाले अर्कोलाई प्रेमको चुम्बनले अभिवादन गर। ख्रीष्टमा भएका तिमीहरू सबैलाई शान्ति।"१ पत्रुस ५:१३-१४।**

मर्कूसमा अचम्म तरिकाले आमूल परिवर्तन भएको थियो। माथिका पदहरूमा पावलको निम्ति मर्कूस कतिको मूल्यवान थिए भनेर उल्लेख गरेका छन्। मर्कूस पावलको एक जना प्रिय सहकर्मी हुन् भनेर उनले ठहऱ्याएका थिए। आफ्ना प्रिय तिमोथीलाई मर्कूसलाई लिएर आउनु भनेर पावलले अनुरोध गर्दछन्। मर्कूससँग पत्रुसको घनिष्ठ सम्बन्ध थियो भनेर पत्रुसले आभास दिन्छ। पावल र पत्रुसले आफ्ना ती पत्रहरू सन ६० तिर लेखेका थिए। प्रेरित १५मा भएको घट्ना पछि १५-२० वर्ष पछि पावलले मर्कूसलाई बढो स्नेहपूर्वक व्यवहार गर्न पुगेका थिए। आफ्नो असफलबाट मर्कूसले पूर्ण सुधार गरेका थिए। मर्कूसका काका वर्नावासले उनमाथि राखेको विश्वासलाई मर्कूसले बिचलित पारेका थिएन।

*त्यो समयलाई ख्याल गर्नुहोस् जब तपाईं वा तपाईंका साथीलाई दोस्रो अवसर दिएको थियो। यस अनुभवले तपाईं र तपाईंलाई सहयोग गर्नेहरूमा कस्तो बदलाहत भएको थियो? अरूलाई सेवा गर्ने क्रममा तपाईं कसरी बदल्नुभएको थियो?*

## ३. समाचारवाहक

मर्कूस १:१-८मा को पात्रहरू छन् र तिनीहरूले के भने र के गरे? हेर्नुहोस्: "१ परमेश्वरका पुत्र येशू ख्रीष्टको सुसमाचारको आरम्भ। २ यशैया अगमवक्ताको पुस्तकमा यसरी लेखिएको छः "हेर, म मेरो दूतलाई तिम्रो अगिअगि पठाउँछु, जसले तिम्रो मार्ग तयार गर्नेछ। ३ उजाड-स्थानमा एक जना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ'।" ४ बप्तिस्मा-दिने यूहन्ना पापमोचनको लागि पश्चात्तापको बप्तिस्मा प्रचार गर्दै उजाड-स्थानमा देखा परे। ५ समस्त यहूदिया देश र यरूशलेमका सबै बासिन्दाहरू तिनीकहाँ निस्किआए। र तिनीहरूले आ-आफ्ना पाप स्वीकार गर्दै तिनीबाट यर्दन नदीमा बप्तिस्मा लिए। ६ यूहन्नाले ऊँटको रौंबाट बुनेको लुगा लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे, र सलह र वन-मह खान्थे। ७ तिनले यसो भन्दै प्रचार गरे, "जो मपछि आउनुहुन्छ उहाँ मभन्दा शक्तिशाली हुनुहुन्छ, अनि निहुरेर उहाँका जुत्ताका फित्ता फुकाउने लायकको म छैनँ। ८ मैले तिमीहरूलाई पानीले बप्तिस्मा दिएको छु, तर उहाँले तिमीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ।"

उपर्युक्त पदहरूमा तीन पात्रहरू उल्लेख गरिएका छन्: येशू ख्रीष्ट जुन मर्कूस १:१मा सम्बोधन गरिएको छ, परमेश्वर पिता जुन मर्कूस १:२ले आभास दिन्छ, र बप्तिस्मा दिने यूहन्ना। उनी समाचारवाहक र प्रचारक थिए। यस अंशका अन्तिम पदहरू उनलाई नै औंल्याइएका छन्।

मर्कूस १:२,३मा पुरानो करारबाट अंश उद्धृत गरिएको छ। यहाँको कथामा के हुनेछ भनेर मर्कूसले प्रस्तुत गर्दछन्। मर्कूसले पुरानो करारबाट तीन अंशहरू उतारेर तिनीहरूलाई एकै ठाउँमा बुनेका छन्। ती अंश हुन् प्रस्थान २३:२०, यशैया ४०:३ र मलाकी ३:१।

ती तीन अंशहरूमा के साझा विषय प्रस्तुत गर्दछ? हेर्नुहोस, ""हेर, बाटामा तिमीहरूलाई रक्षा गर्नलाई र मैले तयार पारेको ठाउँमा तिमीहरूलाई पुऱ्याउनलाई म एउटा दूत तिमीहरूका अगिअगि पठाउनेछु।" प्रस्थान २३:२०;

**"१ तिमीहरूका परमेश्वर भन्नुहुन्छ, मेरो प्रजालाई सान्त्वना, सान्त्वना। २ विनम्र भएर यरूशलेमलाई भन। त्यसका दासत्वको सेवा पूरा भएको छ, त्यसका पापहरू क्षमा गरिएको छ अनि त्यसले परमप्रभुको हातबाट आफ्ना सबै पापका निम्ति दोबर पाएको छ भनी त्यसलाई घोषणा गर। ३ कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छः "मरुभूमिमा परमप्रभुको निम्ति बाटो तयार गर। उजाड़-स्थानमा हाम्रा परमेश्वरको निम्ति मूलबाटो समतल बनाऊ। ४ हरेक उपत्यका अल्गो बनाइनेछ, हरेक पर्वत र डाँड़ा होच्याइनेछ। बाङ्गोटेढ़ो जग्गा सीधा बनाइनेछ, र खाल्टाखुल्टी समतल बनाइनेछ। ५ अनि परमप्रभुको महिमा प्रकट गरिनेछ, र सारा मानव-जातिले त्यो एकैसाथ देख्नेछन्, किनकि परमप्रभुको मुखले नै भनेको छ।" यशैया ४०:१-५ र "हेर, म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरो अगिअगि बाटो तयार गर्नेछन्। तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाह गर्दछौ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" मलाकी ३:१।**

कनान देशमा इस्राएलीहरूलाई ल्याउन तिनीहरूको अघि परमेश्वरले स्वर्गदूत पठाउनु हुनेछ भनेर प्रस्थान २३:२०मा उल्लेख गरिएको छ। यशैया २०:३मा उजाड स्थानबाट प्रभु आउनेछन् भनेर परमेश्वरको बारेमा बताउँछ। जसले उहाँको अगाडि बाटो तयार पार्नेछन्। मलाकी ३:१मा समाचारवाहको बारेमा उल्लेख गरिएको छ। उनले प्रभुको निम्ति बाटो तयार पार्नेछन्। ती तीनै सन्देशहरूको लवज एउटै छ। ती सन्देशहरूले यात्राको बारेमा बोल्दछन्।

यशैयाले लेखेका पदमा बप्तिस्मा दिने यूहन्नाको सेवाकार्यसँग धेरै बुनिएको छ। यसले प्रभुको मार्गको बारेमा पनि केन्द्रित गरेको छ। मर्कूसको सुसमाचारमा प्रभु येशू यात्रामा हुनुहुन्छ। द्रुत गतिमा लेखिएको विवरणमा यो यात्राको आभास दिन्छ। त्यो यात्रा क्रूसतिर लम्किन्छ र अन्तमा आएर हाम्रो निम्ति बलि भएर मृत्यु हुन्छ।

तर क्रूसमा जाने दौरानमा अरू धेरै घट्नाहरू हुन्छन्। उहाँको यात्रा सुरु मात्र हुन्छ, र मर्कूसले हामीले त्यसको बारेमा बताउनेछन्।

***मर्कूस १:२,३मा पुरानो करारबाट उद्‌धृत गरेको अनुसार बप्तिस्मा दिने यूहन्नाले मानिसहरूलाई पच्चात्ताप गर्न, पापबाट फर्किन र परमेश्वरतिर फर्किन आह्वान गर्दछन् (मर्कूस १:४)। पौराणिक अगमवक्ता एलिया जस्तै उनले***

*वस्त्र लगाउँछन् (२ राजा १:८) र आफूभन्दा शक्तिशाली व्यक्तिको आगमनको बारेमा उनले बताउँछन्। उहाँको जुत्ताको टुना फुकाल्न पनि आफू योग्य नभएको भनेर येशूको बारेमा बताउँदा उहाँको बारेमा उनको उच्च धारणा भएको देखाउँछ।*

## ४. येशूको बप्तिस्मा

**येशूको बप्तिस्मामा को उपस्थिति थिए र के भयो? हेर्नुहोस्: "९ अब ती दिनमा येशू गालीलको नासरतबाट आउनुभयो, र यूहन्नाबाट यर्दन नदीमा बप्तिस्मा लिनुभयो। १० पानीबाट उक्लिआउने बित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रूपमा आफूमाथि ओर्लंदैगर्नुभएको देख्नुभयो। ११ अनि स्वर्गबाट यस्तो एउटा आवाज भयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।" १२ पवित्र आत्माले उहाँलाई तुरुन्तै उजाड-स्थानमा लैजानुभयो। १३ शैतानबाट परीक्षित हुँदै उहाँ चालीस दिन उजाड-स्थानमा रहनुभयो। उहाँ जङ्गली जनावरहरूसँग रहनुभयो, र स्वर्गदूतहरूले उहाँको सेवा-टहल गरे।" मर्कूस १:९-१३।**

यर्दन नदीमा यूहन्नाले येशूलाई बप्तिस्मा दिन्छन्, तर जब उहाँ पानीबाट उक्लिनेबित्तिक्कै आकाश खोलिन्छ र त्यहाँबाट पवित्र आत्मा ढुकुरको रूपमा उहाँमाथि ओर्लिन्छन्। उहाँले स्वर्गबाट परमेश्वरको यो आकाशवाणी हुन्छ, "तिमी मेरा प्रिय पुत्र हौ। तिमीसँग म अति प्रशन्न छु" (मर्कूस १:११)।

यस घट्नाले येशूको बप्तिस्मा कतिको महत्त्व रहेछ भनेर औंल्याउँछ। त्रीएक परमेश्वर, पिता, पुत्र र पवित्र आत्मा येशूको सेवाकार्यलाई अनुमोदन गरेको प्रमाणित हुन्छ। मर्कूस १५ अध्यायमा उल्लेखित दृश्यमा त्यही घट्नाको प्रतिध्वनी गरेको पाइन्छ। त्यस दृश्यमा बप्तिस्मामा उपस्थिति भएको धेरै तत्त्वहरू क्रूसमा पनि दोहोरिएको पाइन्छ।

आत्माले येशूलाई उजाड स्थानमा लग्दछन्। यो लग्ने भन्ने शब्द ग्रीक भाषामा इक्बालो ekballo हो। साधारणतया यही शब्द दुष्ट आत्माहरूलाई धपाएको मर्कूसले प्रयोग गर्छन्। आत्माको उपस्थितिले येशूको जीवनमा पवित्र आत्माको शक्तिलाई चित्रण गर्दछ। जब प्रभुले आफ्नो सेवाकार्य सुरु गर्छ तब उहाँले तुरन्तै सैतानको सामना गर्न बाध्य हुन्छ। ४०

दिनसम्म भोकै सैतानको परीक्षामा पर्नुभएको, जङ्गली जनावरहरूको बिचमा र येशूलाई स्वर्गदूतहरूले सेवा गरेको विवरण मर्माहत नै मान्नुपर्दछ।

मर्कूसको सुसमाचारमा येशूको ईश्वरीयता र मानवतालाई चित्रण गरेर सुसमाचार सुरु गरेको मर्कूसको विशेष शैली हो। ईश्वरीयताको पक्षमा येशू ख्रीष्ट वा मसीह हुनुहुन्छ (मर्कूस १:१)। प्रभुले सन्देशवाहकद्वारा येशू को हुनुहुन्छ भनेर घोषणा गर्नुहुन्छ (मर्कूस १:१,३)। उहाँ बप्तिस्मा दिने यूहन्ना भन्दा शक्तिशाली हुनुहुन्छ (मर्कूस १:७)। उहाँ परमेश्वरको प्रिय पुत्र हुनुहुन्छ जसमाथि पवित्र आत्मा ओर्लनुहुन्छ (मर्कूस १:१०,११)। तर मानवीयताको पक्षमा उहाँको बारेमा हामी देहायका कुराहरू देख्न सक्छौँः उहाँ मानिस यूहन्नाबाट बप्तिस्मा लिनुहुन्छ हुन त उहाँले यूहन्नालाई बप्तिस्मा दिनुपर्ने हो (मर्कूस १:९)। उहाँलाई आत्माले उजाड-स्थानमा लानुहुन्छ (मर्कूस १:१२), सैतानको परीक्षमा पर्न (मर्कूस १:१३), उहाँ जङ्गली जनावरहरूको बिचमा हुन्छन् (मर्कूस १:१३) र स्वर्गदूतहरूले उहाँको सेवा गर्छन् (मर्कूस १:१३)। ती विपरित धारणाहरू किन? यसले येशूको अचम्म वास्तविकतालाई औँल्याउँछ, उहाँ हाम्रो प्रभु, मुक्तिदाता, हाम्रो परमेश्वर, यद्यपि उहाँ मानव प्राणी पनि हुनुहुन्छ, उहाँ हाम्रो दाजु र उदाहरण हुनुहुन्छ। तर ती सबै हामीले विश्वासद्वारा स्वीकार गर्छौं र मानव प्राणीको निम्ति प्रकट गरिएको परमेश्वरको प्रेमप्रति हामी अचम्म त मान्नै पर्छ।

***येशू परमेश्वर भएतापनि हामीलाई मुक्ति दिन उहाँले मानव रूप धारण गर्नुभयो भन्ने सन्देशले परमेश्वरको अचम्मको प्रेमको बारेमा हामीलाई के बुझाउँछ?***


## ५. येशूको अनुसार सुसमाचार

**प्रभु येशूले प्रचार गर्नुभएको सुसमाचारमा तीन भागहरू छन्। ती के हुन्? हेर्नुहोस्, "१४ अब यूहन्ना पक्राउमा परेपछि परमेश्वरको सुसमाचार प्रचार गर्दै येशू गालीलमा आउनुभयो। १५ उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजिक आइपुगेको छ। पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर।" मर्कूस १:१४-१५।**

येशूको सरल र सिधा सन्देशलाई मर्कूसले संक्षिप्त रूपमा प्रस्तुत गर्दछन्। त्यस सन्देशमा तीन भागहरू छन्:

| **श्रेणी** | **विषयवस्तु** |
|---|---|
| समयको भविष्यवाणी | समय पूरा भएको छ |
| करारको प्रतिज्ञा | परमेश्वरको राज्य नजिक छ |
| चेला हुन आह्वान | पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर |

समयको भविष्यवाणी येशूले दानिएल ९:२४-२७लाई औँल्याउनुभएको थियो। यसमा ७० हप्ताको भविष्यवाणी छ। येशूको बप्तिस्मामा त्यो समयको भविष्यवाणी पूरा भएको थियो। उहाँलाई पवित्र आत्माले अभिषेक गर्नुभएको थियो र उहाँको सेवाकार्य सुरु गर्नुभएको थियो (प्रेरित १०:३९)। देहायको मानचित्रमा अचम्मको ७० हप्ताको भविष्यवाणी कोरिएको छः




यस भविष्यवाणीमा एक दिनको अर्थ एक वर्ष हुन्छ (गन्ती १४:३४, इजकिएल ४:६)। यो भविष्यवाणी ई.पू. ४५७ मा सुरु भएको थियो। यरुशलेमको जिर्णोद्धार गर्न पर्सियाका सम्राट आर्तशास्त्रले त्यस मितिमा आदेश दिएका थिए (एज्रा ७)।

६९ भविष्यवाणीका हप्ताहरू सन २७सम्म लम्बिएको छ जब येशूले बप्तिस्मा लिनुभएको थियो र पवित्र आत्माले अभिषेक गर्नुभएको थियो। यो समय येशूको सेवाकार्य सुरु भएको थियो। उहाँको बलि वा क्रूसमा मृत्यु साढे तीन हप्ता वा वर्षहरू पछि भएको थियो।

आखिरमा आएर सत्तरी हप्ता सन ३४मा पूरा हुन्छ। त्यसबेला येशूका भक्त एल्डर स्टिफनलाई यहूदीहरूले ढुँगाले हानेर हत्या गरेका थिए। त्यसपछि चेलाहरू तितरबितर भएर सुसमाचारको विस्तार यहूदीहरूमा मात्र नभएर गैर यहूदीहरूमा पनि फैलिन सुरु भएको थियो।

***७० हप्ताको भविष्यवाणी अन्तिम पटक तपाईंले कहिले पढ्नुभएको थियो? त्यस भविष्यवाणीले तपाईंको आस्थामालाई कसरी बढायो जुन येशूमा मात्र होइन भविष्यवाणीको वचनमा भर पर्न सकिन्छ भन्ने धारणा?***

## उपसंहारः

**थप जानकारीः** एलेन जी. ह्वाइटद्वारा लिखित *द डिजाएर अभ एजेजको* पृ. ९७-१०८को "द भ्वाइस इन द विल्डरनेस," र *द आक्टस् अभ आपोस्टल्स,* पृ. १६६-१७६को "हेराल्डस् अभ द गस्पल।"

प्रकाश १४:६,७को पहिलो स्वर्गदूतको सन्देश मर्कूस १:१५मा दिएको येशूको सुसमाचार सन्देशसँग मिलेको अत्यन्त रोचक मान्नुपर्दछ।

येशूको दोस्रो आगमनको निम्ति तयार हुन संसारलाई दिएको सन्देश पहिलो स्वर्गदूतले दिएका थिए जुन अनन्तको सुसमाचार थियो। येशूको सन्देश जस्तै स्वर्गदूतले घोषणा गरेका युगको अन्तको समयको सुसमाचारमा पनि त्यही तीन तत्वहरू छन् भनेर देहायको तालिकाले बताउँछः

| *मर्कूस १* | *श्रेणी* | *प्रकाश १४* |
|---|---|---|
| समय पूरा भएको छ (दानिएल ९) | समयको भविष्यवाणी | न्यायको घडी (दानिएल ७,८) |
| परमेश्वरको राज्य नजिक | करारको प्रतिज्ञा | अनन्तको सुसमाचार |
| पश्चात्ताप गर र विश्वास गर | चेला हुन आह्वान | परमेश्वरको भय गर वा उहाँलाई श्रद्धा देखाउ, उहाँको महिमा गर र उहाँलाई ढोग वा आराधना गर |

पहिलो स्वर्गदूतको सन्देशले येशू आउनुभन्दा अघिको न्यायको बारेमा सुनाउँछ। यो दानिएल ८:१४को २३०० दिनको भविष्यवाणीमा उल्लेख गरिएको छ। यो सन १८४४मा सुरुभएको थियो। परमेश्वरका सताइएका मानिसहरूलाई परमेश्वरको राज्यमा पार्न न्याय सुरु हुन्छ (दानिएल ७:२२)। परमेश्वरको भय मान, उहाँको महिमा गर र उहाँको आराधना गर वा उहाँलाई ढोग भन्ने पहिलो स्वर्गदूतको सन्देशले चेला हुन संसारलाई आह्वान गरिएको छ। अन्तिम युगमा प्रकाश १३ अनुसार पशुको शक्तिको माग गरेको उसको भय मान, उसको महिमा गर र उसको आराधना गर वा उसलाई ढोग भन्ने झुटा भगवान प्रति बफादार हुन आह्वान गर्दछ।

जसरी सुसमाचारको घोषणाको सुरुमा मर्कूस १मा दिएको येशूको सन्देश दानिएलको भविष्यवाणीसँग बुनिएको छ त्यसरी नै पहिलो स्वर्गदूतको सन्देश संसारको इतिहासको समाप्त बारे दानिएलको भविष्यवाणीसँग बुनिएको छ।

**चिन्तनमननः**

**अ. मर्कूस १:१-१३मा दिएको विवरणमा बप्तिस्मा दिने यूहन्ना र येशूको बिचमा के भिन्नता छ? जुन रूपमा तिनीहरूको कथालाई प्रस्तुत गरिएको छ त्यसबाट तपाईंले के विशेष पाठहरू सिक्नुहुन्छ?**

**आ. बप्तिस्माको अर्थ के हो भनेर सोच्नुहोस्। रोमी ६:१-४, यूहन्ना ३:१-८सँग मर्कूस १:९-१३मा दिएको येशूको बप्तिस्मासँग तुलना गर्नुहोस्। ती दुईको बिचमा के समानान्तर र विपरित तपाईंले देख्नुहुन्छ? बप्तिस्माको अर्थ त्यसबाट तपाईंले स्पष्टसँग बुझ्न तपाईंलाई कसरी सहयोग गर्दछ?**

**इ. मर्कूस १:१४,१५मा दिएको येशूको सुसमाचारसँग प्रकाश १४:६,७ को पहिलो स्वर्गदूतको सन्देशसँग भएको भिन्नता हेर्नुहोस् र तुलना गर्नुहोस्। तिनीहरूमा भएको सन्देशले आज तपाईंको मिसन वा लक्ष्यलाई कसरी बुझाउँछ?**

## कथा १
## चकित भएका झाँक्री, भाग १

नेपालको एउटा गाउँमा बाबु अत्यन्तै प्रतिष्ठित व्यक्ति थिए। उनको सहायताको निम्ति गाउँका सबै जना मानिसहरू आउँथे। पशुबलिले कुनै पनि रोगलाई निको पार्न सक्छ भनेर गाउँलेहरूले विश्वास गर्दथे। बाबु पुस्तौंदेखि झाँक्री पेशामा लाग्ने वंशबाट आएका थिए। बाबुको मृत्युपछि उनको छोरो कृष्णा लामा पनि झाँक्री भएका थिए।

विभिन्न रितिथितिहरूले देवीदेवताहरूलाई रिझाउन सकिन्छ भनेर कृष्णले विश्वास गरेका थिए। उनले धेरैलाई त सहयोग गरे तर आफ्नी प्रिय पत्नीलाई सहयोग गर्न सकेन। उनी बिरामी भएकी थिइन् र उनलाई के रोग लाग्यो सो कृष्णले ठम्याउनै सकेन। उनले कुखुराको बलि चढाए। तर श्रीमतीको पीडा निको पार्न सकेन। उनले उनका अर्को झाक्रीको सहायता माग्न पैसा खर्च गरे। तर उनकी श्रीमतीको जीउ गल्दै गयो। उनले गाउँका डाक्टरकहाँ उपचार गर्न आफ्नी श्रीमतीलाई लगे, तर त्यो डाक्टरले उनलाई निको पार्न सकेन।

अब कृष्णलाई के गरूँ के गरूँ भएको थियो। आफूले जानेका सबै टुनामुना, तन्त्रमन्त्र प्रयोग गरेर देवीदेवताहरूलाई जगाउन खोजे तर ती देवीदेवताहरूले उनलाई निको पार्न सकेन। एक दिन कृष्णकी छोरी पर गाउँबाट घर माइतमा आएकी थिइन् थिइन्। उनले आमालाई सघाउन गइन्। जब कृष्णा आफ्नो कामबाट फर्के उनले आमा र छोरीलाई घरमा देखेन। घरमा यताउती हेरेपछि उनी बुइँगलमा गए। त्यहाँ दुवै जना घुँडा टेकेर कसैसँग कुरा गरिरहेको उनले देखे। तर कोसँग कुरा गरिरहेको उनले देख्न सकेन।

कृष्ण चकित भए। त्यहाँ त केही न केही धेरै नराम्रो कुरा भइरहेको उनले शङ्का गरे। उनी बिस्तारै कसैलाई थाहा नदिइकन आमाछोरीको नजिक गए। छोरी बरबराइ रहेकी थिइन्। छोरी पनि आफू जस्तै झाँक्रिनी बने होलान् भनेर उनले सोचे। उनी विस्तारै तिनीहरूले थाहै नपाइकन तल ओर्ले। पछि छोरीलाई भेटेपछि उनी र आमाले के गरिरहेको भनेर बाबु कृष्णले सोधे। "आमालाई निको पार्न हामीले मेरा परमेश्वर पितासँग प्रार्थना गरिरहेका थियौं," दिव्याले जवाफ दिइन्।

धेरै देवीदेवताहरूलाई पूजा गर्ने गरेका बाबुले सोध्यो, "होइन, तिमीले कुन भगवानलाई प्रार्थना गरिरहेका थियौ?"

"मैले मेरा परमेश्वर येशूसँग प्रार्थना गरिरहेको थिएँ। जब मैले नयाँ परमेश्वर येशूलाई ग्रहण गरें तब मैले परिवारले मानेको ढुङ्गा, मुढाका देवताहरूलाई पूजा गर्न छोडें।" भन्दैं आफूले मानेका परमेश्वरले स्वर्ग र पृथ्वी सृष्टि गर्नुभएको थियो भनेर बाबुलाई सुनाए। "यदि मैले प्रार्थना गरें भने उहाँले सुन्नुहुनेछ र आमालाई निको पार्नुहुनेछ," उनले थपे।तर आफ्नो परिवार र परम्पराले मानिआएका देवीदेवताहरूभन्दा दिव्याका परमेश्वर कसरी शक्तशाली हुनुहुन्छ भनेर विश्वास गरेनन्।

आफ्नो घर फर्किने बेलामा आमालाई पनि आफूसँग लान बाबुलाई सोधिन्, "बुबा, आमा धेरै बिरामी छिन्। तपाईं काम गर्न बाहिर बाहिर जानु परेकोले आमालाई हेर्न तपाईंको फुर्सद छैन। त्यसकारण म आमालाई मसँगै लान्छु, हुन्न त?"

कृष्ण झाँक्री काम पनि गर्दथे र घर निर्माण गर्ने काम पनि गर्दथे। आमालाई स्याहार्न नसकेको कुरालाई छोरीसँग उनी सहमत भए। आफ्नी श्रीमती धेरै बाँच्दैन भनेर पनि उनले सोचेका थिए।

"उनी तिम्री आमा हो। यदि उनी मरिन् भने मलाई खबर गर्नु," कृष्णाले आफ्नी छोरीलाई सुनाए।

छ महिनापछि कृष्ण आफ्नी छोरीको टाढा घरमा आमाछोरीलाई भेट्न गए। आफ्नी श्रीमती स्वस्थ भएको देखेर उनी छक्क परे। उनका दिमागमा प्रश्नहरूको ओइरो लाग्न थाल्यो।

"आमा कसरी विशेक भइन्। उनलाई तिमीले के औषधी दियौ?" बाबुले छोरीलाई सोधे।

आफूले परमेश्वरसँग मात्र प्रार्थना गरेको भनेर जवाफ दिइन्। "मेरा परमेश्वरले मेरो अनुरोधलाई सुन्नुभयो। अब आमा निको भएकी छिन्। उनी पनि मसँग चर्च जान उनी खुशी छिन्," छोरीले सुनाइन्।

बाबुले यो कुरा सुनेपछि मजा लागेर हाँसे। पशुबलि र रितिथिति नचलाइ जवाफ दिने परमेश्वरको बारेमा उनले कहिल्यै पनि सुनेका थिएनन्।